६.पु.४३१

चन्दनभराटेश्वर

(पुराण, इतिहास

र

नवनिर्माण)

श्रीहरि रूपाखेती

ॐ

श्रीपरमात्मने नमः

चन्दनभराटेश्वर

(पुराण, इतिहास

र

नवनिर्माण)

श्रीहरि रूपाखेती

प्रकाशक : चन्दनभराटेश्वरक्षेत्र पुनर्निर्माण समिति (२०५०)
इटाखेल, काठमाडौं, नेपाल ।

प्रकाशन : विक्रम संवत् २०५४ साल
श्रीराम नवमी, चैत्र २३ गते ।
(अप्रिल ५, १९९८)
मुद्रित सङ्ख्या : १००० प्रति
मूल्य रु : रु. १५।–
कम्प्युटर सेटिङ : क्रिएटिभ डेस्कटप, कुलेश्वर-१४
मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर

चन्दनमराटेश्वरक्षेत्र पुनर्निर्माण समिति
इटाखेल (२०५०–२०५४) का
सदस्यमहानुभावहरू

अध्यक्ष– श्री शिवजी श्रेष्ठ, ठँहिटी ।
उपाध्यक्ष– श्री रामकृष्ण बानियाँ, इटाखेल ।
सचिव– श्री श्रीहरि रूपाखेती, इटाखेल ।
कोषाध्यक्ष– श्री इन्द्रबहादुर कार्की, वाणस्थली ।
श्री हरिनारायण मानन्धर, चेकपोष्ट, सदस्य ।
श्री रामभगत खत्री, गोल्छाप, सदस्य ।
श्री चित्रबहादुर खत्री, इटाखेल, सदस्य ।
श्री धनबहादुर महर्जन, महादेवस्थान, सदस्य ।
श्री रामभक्त के. सी., इटाखेल, सदस्य ।
श्री नारायण थापा, इटाखेल, सदस्य ।
श्री शम्भुराम गिरि, महादेवस्थान, सदस्य ।
श्री सीताराम बानियाँ, कुलेश्वर, सदस्य ।
श्री गणेश खत्री, इटाखेल, सदस्य ।
श्री वासुदेव के. सी., इटाखेल, सदस्य ।

एक अँजुली फूल

ज्येष्ठ २३, २०५० विक्रम संवत् एक शुभ संयोग हो जसले यस निर्माण समितिको जन्म दिएथ्यो । त्रिवेणी धर्मसङ्कका अध्यक्ष, कीर्तनमण्डल समितिका भक्तजनहरू, ठँहिटी, काठमाडौंका श्री शिवजी श्रेष्ठ र अन्य विभिन्न शिवभक्त सज्जन श्रद्धालुहरू मिलेर एक निर्माण समितिको गठन गरिएको थियो । सोही दिन सो निर्माण समितिले आफ्नो विवरण पुस्तिका (Minute Book) मा पहिलो बैठकमा नै यस्तो निर्णय लिएको हो–

१. पुराणप्रसिद्ध श्रीचन्दनभराटेश्वर मन्दिरवरिपरिको पर्खाल जीर्ण भई भत्किँदै गएको हुनाले सोको यथाशीघ्र पुनर्निर्माण गर्ने ।
२. सोही पावनक्षेत्रंको उस्तै प्रसिद्ध मृत्युञ्जय पार्वती कुण्डको पनि पुनर्निर्माण गर्ने ।

मूलरूपमा यतिमात्र उद्देश्य लिएर निर्माण समिति गठित भएको हो । सोही बैठकमा महादेवस्थान गा. वि. स. बाट रु. ५,०००।– निकासा भएको र तत्कालीन का. न. पा. बाट रू. ६९,६२२।– को एक निर्माण योजना स्वीकृत भएको वेहोरासमेत अवगत गरियो । यसबाट यस पवित्रक्षेत्रमा केही निर्माण-पुनर्निर्माण प्रयास औपचारिक-अनौपचारिकरूपमा थालिइसकेको कुरा प्रमाणित हुन्छ नै । यसै बीच यसै निर्माण समितिका एक सदस्य सीताराम बानियाँबाट आफ्ना दिवंगत आमाको पुण्यस्मृतिमा मृत्युञ्जय कुण्डको पुनर्निर्माणको सम्पूर्ण दायित्व वहन गर्ने वचन प्राप्त भयो । यसले गर्दा का: न. पा. बाट प्राप्त हुने रकमबाट मन्दिरको दक्षिणपट्टि नयाँ सत्तल निर्माण गर्ने प्रस्ताव भई 'उपासना कुटी' को नवनिर्माण पनि पछि सम्पन्न गरियो । यस क्रममा यस पावन शिवक्षेत्रमा यस निर्माण समितिद्वारा के-कस्ता निर्माण-पुनर्निर्माण र नवनिर्माणहरू भए; के-कति खर्च भयो; कुन-कुन श्रदालु व्यक्ति, संस्था वा उदारमना दाताहरूबाट के-कस्तो दान-सहयोग वा सहभागिता भए आदि-इत्यादि सबै कुराको टिपोट वा विवरण नै यो सानो पुस्तिका हो ।

रु. ५००।– सम्म वा त्यसभन्दा वढी रकम दान दिने दाताको नाम शिलापत्रमा अङ्कित गर्ने समितिको प्रतिवद्धता थियो । सो उपासनाकुटीको भित्तामा व्यवस्थित गरिसकिएको छ । अन्य विवरणका सम्वन्धमा निर्माण समितिका अध्यक्ष श्री शिवजी श्रेष्ठले यस समितिको १५ औं वैठक वि. सं. २०५४ साल असार २१ गतेका दिन राख्नुभएंको प्रस्तावअनुसार यस लघुपुस्तिकाको प्रकाशन गरिएंको हो । निर्माणकार्यमा श्रद्धासाथ आफ्ना गच्छेअनुसार सहयोग गर्ने सम्पूर्ण दाता महानुभावहरूको दानको विवरण सार्वजनिक गर्ने र उहाँहरूप्रति कृतज्ञता जाहेर गर्ने सदुद्देश्यले नै यसको प्रकाशन गरिएको हो ।

नि. स. स. श्री सीताराम वानियाँको इच्छाअनुसार मृत्युञ्जय पार्वती कुण्डको पुनर्निर्माण शीघ्र सम्पन्न गरी चौथो वैठकले गरेको निर्णयअनुसार मिति २०५० श्रावण २८ गतेका दिन पुनर्निर्मित कुण्ड एक शिलालेखसहित शिवार्पण गरियो । यस पावनकार्यको उद्घाटन श्री १०८ स्वामी नरेश्वरानन्द गिरिज्यू– (ब्रह्मलीन २०५२–३–२७) वाट सुसम्पन्न भइसकेको छ ।

अरू निर्माणकार्यको विवरण शिलालेख र उपासना कुटीसमेतको अनावरण तथा शिवार्पण कार्य आज सम्पन्न गरिएको हो । यस निर्माण समितिले जे गर्न सक्यो सो उनै शिवको महती अनुकम्पा हो । अव यही २०५४ साल चैत्र २३ गते श्री रामनवमीको पावन पर्वमा श्रद्धाभक्तिका साथ यो निर्माण समिति आफ्ना क्रियाकलाप सवै शिवार्पण गर्दछ । जे-जस्तो सकियो यो एक अञ्जुली फूल शिवमा समर्पित छ, शिव सङ्कल्पमस्तु ।

यो निर्माण समितिको सेवाविवरण सानो पुस्तिकाको मुद्रणकार्य गराएर शिवसेवामा सहभागी भइदिनुभएकोमा यस निर्माण समितिका सदस्य श्री सीताराम वानियाँ तथा राष्ट्रिय सहकारी विकास वोर्डका सहअध्यक्ष श्री जयकुमार खँड्काप्रति यो निर्माण समिति चिरऋणी रहनेछ ।

विनीत

चन्दनभराटेश्वरक्षेत्र पुनर्निर्माण समिति

इटाखेल, काठमाडौं ।

अखण्ड हिमवत्खण्डका काखका नेपालीहरू शीतलता र पवित्रताको हिसाबले अत्यन्त महत्त्वपूर्ण मान्छेहरू हुन् । यिनीहरूले पर्वतराज हिमालयको काखमात्र पाएका छैनन् अपितु आर्यावर्तका समस्त तीर्थहरूको स्रोत असङ्ख्य हिमनदीहरूको अभिषेकद्वारा यिनीहरूको मन-प्राण नै जन्मजात रूपमा पवित्र छ । नेपाल आर्यावर्तको मुख हो । यो पुण्यभूमि हो । त्यसैले नेपालीहरू भाग्यमानी छन् । यिनले धर्म-कर्म गर्न टाढा जानु पर्दैन । मृगनाभिमा कस्तूरी हुन्छ । आफ्नो नाभिको सुवास थाहा नपाएर उसले अन्त भौंतारिनु केवल मृगको दोष ठहरिन्छ । अरूको यसमा दोष छैन । हामीलाई यस्ता कुरा हेर्ने आँखा चाहिएको छ ।

नेपालका त्रि-सप्त गङ्गा (सप्तकोशी, सप्तगण्डकी र सप्तकर्णाली) हिमालबाट निस्कने अजस्र पुण्यधारा हुन् । हामीले यिनलाई बुझ्नुपर्दछ; बुझ्न सक्नुपर्दछ । यी कुरा बुझाउने काम अनादिकालदेखि हाम्रा क्रान्तदर्शी ऋषि-महर्षिद्वारा प्रणीत पुराणहरूले गरिआएकै हुन् । तीमध्ये स्कन्दपुराणको हिमवत्खण्डले हाम्रा डाँडाडाँडाका नद-नदी, त्रिवेणी, अनेकौं पावन तीर्थ र शिवलिङ्गका सम्बन्धमा विस्तृत विवेचनासहित वर्णन, विवरण दिएको छ । हामीले तिनको अवश्य अध्ययन गर्नुपर्दछ । श्री नीलकण्ठ ह्रद (गोसाईंकुण्ड), मुक्तिक्षेत्र, रुरु, कृष्णागण्डकी, देवघाट, वराहक्षेत्र आदि विशिष्ट तीर्थस्थलहरू नेपालबाहिर पर्दैनन् । जुन देशमा देवघाट छ; जुन देशमा अनन्त महिमामण्डित ज्योतिर्लिङ्ग, भगवान् पशुपतिनाथको निवास छ; त्यस देशका वासिन्दालाई तीर्थाटन वा 'महादेव नमस्कार' को के खाँचो छ र ? नेपाल पुण्यभूमि हो । 'पाशुपतीपुरी' भनेर पुराणले नेपाललाई चिनाएको छ । हामीले फगत कुरा बुझ्नु परेको छ । होस पुऱ्याउनु परेको छ । कुरा नै नबुझे वा होसै नपुऱ्याए त "टाउकामाथिको दियो कहाँ थियो" भने जस्तो हुन्छ । बीच मझेरीमा ठेस

लागेर कोही लड्छ भने त्यस्तालाई भन्ने कुरा नै के रहन्छ र ! रहँदैन शायद ।

माथि नाम लिइएको हिमवत्खण्डमा यस्तो लेखिएको पाइयो–

"अयोध्या मथुरा माया काशी काञ्ची ह्यवन्तिका ।
पुरी द्वारवती सप्त गरिष्ठा मोक्षदायिका : ॥"

अर्थात् यी माथिका ७ पुरी मोक्ष दिने हुनाले धार्मिक दृष्टिले उत्तम क्षेत्रहरू हुन् । यी पङ्क्तिहरू हाम्रो हिमवत्खण्डको अध्याय ७२ श्लोक ५९ बाट यथावत् लिइएका हुन् । तर सोही अध्याय ७२ कै ६० औं श्लोक चाहिं हामीले भुसुक्कै विर्सिन नहुने हो । त्यो यस्तो छ–

"तासां चैव गरिष्ठा स्यात् पुण्या पाशुपती पुरी"

अर्थात् "ती सप्त मोक्षदायिनी पुरीभन्दा पनि उत्तम पुरी भनेको पाशुपती पुरी" हो । त्यो पावन नगरी भनेको हाम्रो नेपाल हो । अब हामीले पुराणद्वारा स्थापित यस महिमामय पुण्यक्षेत्रको तत्त्वबोध गर्ने कि धर्मकर्म वा तीर्थवर्तको धूनमा अन्तर्तिर भौंतारिने ? यो निर्णय हामी आफैंले लिनुपर्ने निर्णय होइन र ? जसो गर्दा जाती हुन्छ, त्यसै गरौं । धर्म त कर्तव्य हो ।

यहाँ त्यस्तै एक पावनक्षेत्रको चर्चा गर्न लागिएको छ । काठमाडौं जिल्ला, थानकोट महादेव गाउँमा अवस्थित 'श्रीचन्दनभराटेश्वर' पुराणप्रसिद्ध ६४ शिवलिङ्गमध्ये एक प्रसिद्ध शिवलिङ्गको नाम हो । हिमवत्खण्डमा ५० औं शिवलिङ्गका रूपमा यसको गणना गरिएको पाइयो । त्यहाँ भनिएको छ–

"मध्ये पशुपतिर्देवो ज्योतिर्लिङ्गो विराजते ।
गुप्ताख्यया समं देव्या प्रमथैर्योगिनीगणैः ॥"

– हि. ख. अ. ७१।८

"प्रमथगण, योगिनीगण र देवी गुह्येश्वरीसमेत भई ज्योतिर्लिङ्ग भगवान् पशुपतिनाथ केन्द्रवर्ती रूपमा विराजमान हुनुहुन्छ ।" उहाँका वरिपरि अनेक शिवलिङ्गहरू नेपालका विभिन्न ठाउँमा छन् । तीमध्ये ६४ लिङ्ग विशेष महत्त्वपूर्ण रहेका छन् । भनिसकियो– ती ६४ शिवलिङ्गमध्येको एउटा प्रसिद्ध शिवलिङ्ग नै श्री चन्दनभराटेश्वर शिवलिङ्ग हो ।

अब सो प्रसिद्ध शिवलिङ्गका बारेमा हिमवत्खण्डले के भनेको छ ? कति ठाउँमा यसको उल्लेख भएको छ ? यहाँ छोटो टिपोट गरिन्छ ।

स्कन्दपुराणको श्लोक-सङ्ख्या ८१ हजार मानिएको छ। यसका अनेक खण्डहरू छन्। ती खण्डहरूमध्ये एक खण्ड 'मेरुखण्ड' हो। मेरुखण्डको समाप्ति भएपछि आउने 'हिमवत्खण्ड' मा हाम्रो नेपालका अनेक धार्मिक स्थलहरूको महिमा वर्णन गरिएको छ। हिमवत्खण्डमा १८५ अध्याय र १२ हजारभन्दा वढी श्लोकहरू छन्। यस ग्रन्थमा श्रीचन्दनभराटेश्वर शिवलिङ्गको १० विभिन्न प्रसङ्गमा नाम आएको पाइन्छ। सो संक्षेपमा यसप्रकार छ–

"स चन्दनभराटेशो भासते प्रमथैः सह ।
चन्दनाद्रिनितम्वे हि देवासुरेप्सितप्रदः ॥"

– हि. ख. अ. ७० श्लो. ५७

चन्दनगिरिको फेदीमा देवासुरका इच्छा पूरा गर्ने श्री चन्दनभराटेश्वर आफ्ना प्रमथ गणका साथ रहनुभएको छ।

नेपालका ६४ शिवलिङ्गको महिमा वर्णन गर्ने क्रममा ५० औं महालिङ्गको उल्लेख गर्दा पहिलोपल्ट यो नाम आएको हो।

दोस्रो प्रसङ्ग

"विकटेशान्महल्लिंगात्पूर्वदेशाद्धि वारुणम् ।
आचन्दनभराटान्तं ज्ञेयं क्षेत्रोत्तमोत्तमम् ॥"

– उपरिवत् ७१।३

पूर्वमा विकटेश्वर– (साँगा) देखि लिएर पश्चिम चन्दनभराटेश्वरसम्मको भूभाग उत्तमोत्तम शिवक्षेत्र हो। यसमा केन्द्रवर्ती रूपमा श्रीपशुपतिनाथ ज्योतिर्लिङ्गलाई मानेर पूर्व-पश्चिम शिवक्षेत्र छुटचाइएको छ।

यहाँनेर के पनि स्मरणीय छ भने पुराणमा नेपालको पवित्रता सिद्ध गर्न अनेक धार्मिक प्रसङ्ग र उदाहरणहरू दिइएका छन्। त्यस क्रममा "जहाँ चन्दनभराटेश्वर शिव विराजमान हुनुहुन्छ त्यो देश नै नेपाल हो" समेत भनिएको छ। त्यो यही प्रसङ्ग हो।

तेस्रो प्रसङ्ग

"आययौ सुप्रभाराज्यं यत्रास्ते चन्दनेश्वरः ।"

– उप. ८७।८४

सुप्रभाराज्य जहाँ चन्दनेश्वर अर्थात् चन्दनभराटेश्वर रहनुभएको छ त्यहाँ आयो ।

प्रसङ्ग यस्तो छ– वज्रनाभ (इन्द्रदमन) दैत्यले शङ्खमूल तीर्थमा तपःसिद्धि प्राप्त गऱ्यो । त्यसपछि आफ्ना भाइहरूकासाथ सुप्रभा अर्थात् थानकोटमा आएर सुदृढ राज्य स्थापना गऱ्यो । पुराणमा यो निकै लामो र रोचक वर्णन छ ।

चौथो प्रसङ्ग

"आसीत् पूर्वयुगे दैत्यो मुरो नाम्ना महाबली
तेन तप्तं पुरा तीव्रं भराटेशे स काश्यपः ॥" उप. १२५।१०

अर्थात् प्राचीन युगमा ऋषि कश्यपको छोरो महाबली मुर दानवले श्रीचन्दनभराटेश्वरमा ठूलो तपस्या गरेको थियो ।

सोही दानवले सुप्रभा राज्यमा रही अनेक उत्पात मच्चाएको रोचक प्रसङ्ग पुराणमा पाइन्छ ।

पाँचौं प्रसङ्ग

"भराटकेश्वरो यत्र भस्मगङ्गा जलं यतः ।"

– उप. १३९।३०

जहाँ भराटकेश्वर रहनुभएको छ, जुन ठाउँबाट भस्मगङ्गाको जल प्रवाहित छ ।

यस पाँचौं प्रसङ्गले चन्दनभराटेश्वर माहात्म्यको उपक्रम गरेको छ । यसपछिको अर्थात् १४० अध्याय नै चन्दनभराटेश्वर माहात्म्य हो ।

छैठौं, सातौं र आठौं प्रसङ्ग

हिमवत्खण्ड १४० औं अध्यायमा यी प्रसङ्गहरू छन् । क्रमशः ती यसप्रकार देखिन्छन्–

(क) *"भूयोऽगमद्विरूपाक्षो मुनिना तेन वै सह ।*
स चन्दनभराटेशो यत्रास्ते सगणो विभुः ॥"

उप. १४०।१

जहाँ भगवान् चन्दनभराटेश्वर आफ्ना गणहरूकासाथ रहनुभएको छ, नेमुनिकासाथ लागेर विरूपाक्ष त्यहाँ गयो ।

(ख) *"नवधारा महातीर्थे भस्मगङ्गाह्वये पुनः ।*
स चन्दनभराटेशं स्नात्वाऽपूपुजदाद्रितः ॥"

उप. १४०।३

उही विरूपाक्षले नवधारातीर्थ र भस्मगङ्गाको मुहानमा स्नानादि गरेर ठूलो आदरकासाथ चन्दनभराटेश्वरलाई पूजा गऱ्यो ।

(ग) *"नवधारोद्भवे सानौ संघर्ष्य चन्दनं शिवा*
एतल्लिङ्गं विलेप्यार्या भक्त्यार्चतिस्म नित्यशः ॥
तस्माँल्लोकैश्च विख्यातश्चन्दनभराटेश्वरः
चन्दनघर्षणाच्चैवं चन्दनाद्रिरिति श्रुतः ॥"

उप. १४०।१२,१३

अर्थात् माता पार्वतीले नवधाराको मुहान रहेको डाँडामुनि बसेर चन्दन घोटी भक्तिपूर्वक यस शिवलिङ्गको पूजाअर्चना गरिन् । त्यसै कारणले लोकले यस शिवलिङ्गको नाम 'चन्दनभराटेश्वर' भनेर प्रसिद्ध गऱ्यो । यही डाँडामुनि पार्वतीले चन्दन घोटेकाले यसको नाम चन्दनगिरि रहेको हो । यसप्रकार ६, ७ र ८ औं प्रसङ्गअन्तर्गत चन्दनभराटेश्वरको स्पष्ट चिनारी पाइन्छ । चन्दनगिरि (चन्द्रागिरि) को पनि परिचय पाइन्छ ।

९ औं प्रसङ्ग

"अध्यायमेतद्धि शृणोति धीमान्
माहात्म्यभद्रं च भराटनाम्नः ।
नकर्षतेऽसौ खलु पुत्रशोकैः
क्रमेण कालं लभते हि सत्यम् ॥"

उप. १४०।६३

नवौं प्रसङ्गमा पुत्रशोकमा परेको एक लोभी वाहुनको कथा पनि छ । यस पछि आएको यही श्लोक ६३ मा यो अध्याय समाप्त भएको छ ।

यस श्लोकको अर्थ यसप्रकार छ–

जुन बुद्धिमान् भक्त पूर्ण विश्वासकासाथ यस अध्यायको श्रवण गर्ला, कल्याणकारी चन्दनभराटेश्वर माहात्म्य श्रवण गर्नाले उसलाई पुत्रशोक पर्नेछैन । छोरा नहुनेले पनि अवश्य कालक्रमले छोरा पाउनेछ ।

यस प्रसङ्गमा यहाँ के कुरा थप्नु उपयोगी हुनेछ भने श्रीचन्दनभराटेश्वरको वरदानद्वारा पुत्रप्राप्ति गरेका श्रद्धालु भक्तजनहरू स्वयं यस पावनक्षेत्रको सेवा कार्यमा संलग्न हुनुहुन्छ। यसभन्दा बलियो प्रत्यक्ष प्रमाण अर्को के चाहिएला र !

दशौं प्रसङ्ग

"तच्चन्दनभराल्लब्धं लिंगाच्छङ्खेन वै वरम् ।" उप. १६६।८

"शंखासुरले उनै चन्दनभराटेश्वरबाट वरदान पाएको हो ।"

यो १० औं प्रसङ्ग हो। हिमवत्खण्डमा वज्रनाभ, विराध र शंखासुर नाम भएका तीन महाबली दानवराजाको कथा वर्णन गरिएको छ। यी ३ भाइ दानवराज बाणासुरका भाइहरू थिए। तीमध्ये शंख दानवले चन्दनभराटेश्वरको ठूलो तपस्या गरेको थियो। पुराणमा यो निकै लामो वर्णन पाइन्छ।

३० अध्यायमा नेपालमाहात्म्य भएको अर्को सानो पुस्तक पनि छ। यो पनि स्कन्दपुराणकै अन्तर्गत मानिएको छ। 'पार्वती' टीकाकार पं. केदारनाथ शर्माद्वारा सम्पादित यो 'नेपालमाहात्म्य' बनारसबाट प्रकाशित छ। मुक्तिनाथ खनालको अनुवादसहित सोही 'नेपालमाहात्म्य' राजकीय प्रज्ञाप्रतिष्ठान, नेपालबाट पनि प्रकाशित छ। यसमा पनि चन्दनभराटेश्वरको र चन्दनगिरिको सम्मानसाथ उल्लेख गरिएको छ।

कूर्मपुराणको एक ठाउँमा भनिएको छ कि कलिमा भगवान् शिवशरणागति नै सबभन्दा सजिलो मुक्तिमार्ग हो। श्रीमद्भागवतले बताएको छ कि भगवान्को गुणानुवाद (भगवान्को भजनकीर्तन) नै सरल उपाय हो। हाम्रो हिमवत्खण्ड भन्दछ– ब्रह्मा विष्णु महेश्वर एउटै हुन्। यी ३ बेग्लाबेग्लै रूपमा छन्। अतः हरि र हरमा कुनै भेददृष्टि गर्नु हुँदैन। पाप लाग्दछ। यस परिप्रेक्ष्यमा कूर्मपुराणको यस पङ्क्तिले शिवशरणागतिलाई कलिकालको उत्तम धर्म प्रमाणित गरेको छ–

"एवंविधे कलियुगे दोषाणामेकशोधनम्
महादेवनमस्कारो ध्यानं दानमितिश्रुतिः ॥"

– कूर्म. ब्रा. सं. अ. २८ श्लोक ४०

अर्थात् लोभ-पापले वल पाएको यस कलिमा पापशमनको एउटै उपाय महादेव नमस्कार, ध्यान र दान हो । एवं प्रकार पनि हाम्रा नजीकमा स्वयं उत्पन्न अति प्राचीन पौराणिक शिवलिङ्ग श्रीचन्दनभराटेश्वरप्रति अलिकति पनि श्रद्धाभक्ति जगाउन सक्यौं भने हामी साह्रै भाग्यमानी हुनेछौं । भगवान् आशुतोष शिवले हामीलाई सद्भक्ति र सच्चरित्रको अवश्य वरदान दिनुहुनेछ ।

यस अल्पज्ञानी लेखकको अल्प अध्ययनले भेट्न सकेको पौराणिक सन्दर्भ यही नै हो । अब हाम्रो चन्दनभराटेश्वरक्षेत्रमा इतिहासले के-कस्ता मोड देखाएको छ त ? यो पनि एक महत्त्वपूर्ण प्रश्न हुन सक्तछ । विक्रम संवत् २०५० सालमा गठित 'चन्दनभराटेश्वरक्षेत्र पुनर्निर्माण समिति' ले गरेको सानो पुरातात्त्विक खोजअन्तर्गत मल्लकालीन केही शिलालेखहरू यस ठाउँमा पाइएका छन् । ती यसप्रकार छन्–

१. **नेपाल संवत् ७५८ (वि. सं. १६९४) शिलालेख** : आजभन्दा ३६० वर्ष पुरानो यस शिलापत्रमा संवत् जनाउने अङ्कवाहेक केही बुझिएन । श्रीचन्दनभराटेश्वर शिवलिङ्गको सामान्य सङ्केतमात्र यसमा पाइन्छ ।

विशेषज्ञहरूको थप अध्ययनको अपेक्षा गर्दै उपर्युक्त निर्माण समितिले यस शिलालेखलाई यहाँको नारायण मन्दिरभित्र दक्षिणपट्टि व्यवस्थित रूपमा सुरक्षित गरी राखेकों छ ।

२. **ने. सं. ८०९ (वि. सं. १७४५) शिलालेख** : पाटनका राजा योगनरेन्द्र मल्लको शासनकालमा श्रीगणपतिलाई तोरणसाथ प्रतिष्ठा गरेको वर्णन यस शिलालेखमा छ । चन्दनभराटेश्वर मन्दिरको दक्षिण-पश्चिमस्थित नाटचेश्वरमा यो शिलालेख रहेको छ ।

३. **ने. सं. ८११ (वि. सं. १७४८) शिलालेख** : यो अति नै महत्त्वपूर्ण शिलालेख हो । यस शिलालेखमा नेपा लिपि (नेवारी लिपि) को प्रयोग गरिएको छ । यसमा संस्कृत र नेवारी भाषा छ । विद्वतापूर्ण शास्त्रीय वार्णिक छन्दहरूमा कुलवर्णन कविताद्वारा श्रीचन्दनभराटेश्वरको मन्दिर जीर्णोद्धार गरेको वयान दिइएको छ । यसअनुसार राजा योगनरेन्द्र मल्लको आज्ञा लिएर मुतिराज भारोका कान्छा छोरा लक्ष्मीराज भारोले भव्यताकासाथ शिव मन्दिर बनाई शिवार्पण गरेको वर्णन छ । त्यहाँ बताइएअनुसार तत्कालीन जीर्ण मन्दिर लक्ष्मीराजका बाजे वैकुण्ठ भारोले बनाएका थिए । आफ्ना बाजेले बनाएको

सो मन्दिर जीर्ण भई भत्केकाले राजाज्ञा लिई नातिले पुनर्निर्माण गरिदिएको विचारोत्तेजक धार्मिक प्रसङ्ग यस शिलालेखमा पाइन्छ ।

"श्रीचन्दनभराटकेश्वराय नमः" भनेर शिलालेख सुरु गरिएको छ । शिलामा ३७ पङ्क्ति छन् । वेहोरा नअटाएर शिलाको वरिपरि र पादपीठसमेतमा अक्षरहरू कुँदिएका छन् । सुरुका २२ पङ्क्ति संस्कृतमा छन् । आकर्षक, परिमार्जित र शुद्ध संस्कृत भाषामा १ वंशस्थ, ६ उपजाति, २ अनुष्टुप्, २ शालिनी, १ भुजंगप्रयात र २ शार्दूलविक्रीडित र १ द्रुतविलम्बित गरी जम्मा १५ वंशवर्णन कविता यहाँ छन् । यी कविताद्वारा राजा योगनरेन्द्र मल्लदरबारसँग संबद्ध मुतिराज भारोका लक्ष्मीधर र लक्ष्मीराज भारो २ छोरामध्ये कान्छाले नयाँ मन्दिर बनाएको कुरा र भगवान् चन्दनभराटेश्वर स्वयं उत्पन्न चन्द्रागिरिको फेदमा अवस्थित प्राचीन शिवलिङ्ग हुन् भन्ने दर्शाइएको छ । यो कुरा संस्कृत र नेवारी दुवै पाठमा छ । हाल यो शिलालेख मन्दिरद्वारको पूर्व-दक्षिणमा अवस्थित छ । शिलाको आकार ४२x३७ सेन्टिमिटर छ ।

४. ने. सं. ८३२ (वि. सं. १७६८) **शिलालेख** : उपर्युक्त नारायण मन्दिरभित्र उत्तर कुनामा व्यवस्थित गरी राखिएको यस शिलालेखमा चन्दनभराटेश्वर पूजाआजा गर्ने, भजनकीर्तन आदि गर्ने गुठीको बन्दोबस्तबारे वर्णन छ ।

शिवमन्दिरको ईशानपट्टि एक पाटी थियो । संभवतः सोही पाटीमा यो शिलालेख राखिएको थियो । पाटी जीर्ण भई भत्केर गएपछि खरीबोटको फेदमा यो पाइएको हो ।

स्मरणीय छ– अहिले नवनिर्मित नारायण मन्दिर सोही खरीको बोटको फेदमा बनेको हो र त्यहाँ एक खरीको बोट रहेको देख्ने बूढापाकाहरू अझै छन् ।

यो क्षेत्रमा जता पनि खनीखोस्री गर्दा पुराना वस्तुहरू पाइन्छन्, भग्नावशेष भेटिन्छन् । मृत्युञ्जय पार्वतीकुण्डको जग खन्दा पनि निकै खिइएको कलात्मक पुरानो ढुङ्गेधारो पाइएको छ । श्री ५ को सरकार पुरातत्त्व विभागका अनुसार यो मल्लकालीन ढुङ्गेधारो हो । यस पावनक्षेत्रको भौतिक सुधार निर्माण जति आवश्यक छ, पुरातात्त्विक खोजी र स्मारक संरक्षणको पनि त्यत्तिकै आवश्यकता देखिन्छ ।

मल्ल शासनकालपछि यस ठाउँमा के-कस्ता निर्माण, विकास वा परिवर्तनहरू भए तिनका ठोस प्रमाणहरू भेटिँदैनन् । झण्डै ४ सय वर्षको लामो अन्तरालमा यहाँ अनेक परिवर्तनहरू भएनन् होला भन्न सकिँदैन । शिवमन्दिरको पटक-पटक जीर्णोद्धार, पुनर्निर्माण भएको कुरा बूढापाकाहरू बताउँछन् । हाल विद्यमान प्यागोडाशैली (तले शैली) को दुईतले चन्दनभराटेश्वरको मन्दिर पुरानोभैं यथावत् रूपमा २०४३ सालमा जगैदेखि पुनर्निर्माण गरिएको हो । यस निर्माण समितिले सो मन्दिरबाहेक यसक्षेत्रमा अरू भौतिक सुधार-निर्माणको तीव्र आवश्यकता अनुभव गरेरै आफ्नो कार्यक्रम सुरु गरेको भन्ने कुरा स्पष्ट गर्नु यहाँ समीचीन हुनेछ ।

स्थानीय बासिन्दाका लागि 'महादेवथान' भनेर चिनिने यो शिवक्षेत्र एउटा खण्डहर अर्थात् भग्नावशेषभैं उजाड रूपमा देखिन्थ्यो । मन्दिरपरिसरको पर्खाल जगमात्र बाँकी रहेको थियो । मृत्युञ्जय-पार्वतीकुण्ड हाँसले हिलो खेल्ने खाल्टाको रूपमा परिणत भएको थियो । कुण्डभित्रका अज्ञात समयदेखि कुँदेर खास आकार प्रदान गरी राखिएका दुङ्गाहरू लेउ लागेर प्रायः आकारविहीन भइसकेका थिए । कुण्डभित्र पस्ने आर्कशैलीको ढुङ्गे ढोकाको एउटा उपहास भइरहेभैं लाग्दथ्यो किन कि कुण्ड घेर्ने पर्खाल नै जब ध्वस्त थियो । चारैतिर खुला कुण्डलाई पस्ने ढोका नै किन चाहिन्थ्यो र ! अनि यसक्षेत्रको जताततै रहेका देवदेवीहरू खुला चौरमा श्रद्धालु भक्तजनले लगाइदिएका अबीरका दाग र सडे-सुकेका कतिपय फूलहरूका भरमा आफ्नो अस्तित्वको प्रमाण दिइरहेका जस्ता देखिन्थे । हालत अत्यन्त दयनीय थियो । अब त्यस्तो छैन ।

यसै परिप्रेक्ष्यमा यहाँका धार्मिक, समाजसेवी, श्रद्धालु भक्तजनहरूको एक भेलाले यस पावनक्षेत्रका लागि ठूलो योगदान दिदै आउनुभएको परिचित समाजसेवी धर्मनिष्ठ श्री शिवजी श्रेष्ठ, ठँहिटी, काठमाडौंको अध्यक्षतामा 'श्रीचन्दनभराटेश्वरक्षेत्र पुनर्निर्माण समिति २०५०' को गठन गरेको हो । सोहीअन्तर्गत यी काम भएका छन् ।

स्थानीय धार्मिक संस्था त्रिवेणी धर्म सङ्घले यस क्षेत्रका लागि का. न. पा. (हाल महानगरपालिका) बाट केही रकम अनुदान उपलब्ध गराई निर्माण थाल्ने प्रयास गरिरहेको र यस सम्बन्धमा अर्को धार्मिक संस्था 'चन्दनभराटेश्वर

कीर्तनमण्डल समिति' पनि त्यत्तिकै चिन्तित रहेको वेहोरासमेत अवगत गरियो। यही क्रममा स्थानीय महादेवस्थान गा. वि. स. का तर्फबाट एकमुष्ट ५,०००।– रुपियाँ उपलब्ध गराइदिने वचन प्राप्त भएपछि यहाँ स्थानीय धर्मप्रेमी श्रद्धालु एवं उक्त निर्माण समितिकै एक सदस्य श्री सीताराम वानियाँवाट मृत्युञ्जय-पार्वती कुण्डको पुनर्निर्माणसम्वन्धी सम्पूर्ण आर्थिक दायित्त्व लिइदिने वचन पनि प्राप्त भयो। यसरी अत्यन्त उत्साहसाथ निर्माण समितिले अन्य विभिन्न क्षेत्रका उदारमना श्रद्धालु दाताहरूसमेतको सहभागितामा यस पावनक्षेत्रको तसवीर नै वदलिदिएको कुरा अवगत गराउन पाउँदा निर्माण समिति एकातिर हर्षले गद्‌गद् छ भने अर्कातिर यही क्षेत्रका अनेकौं सुधारका अपेक्षाहरू देखेर थप निर्माण-विकासका लागि चिन्तित पनि छँदैछ।

दाताहरूको विवरण

चन्दनभराटेश्वरक्षेत्र पुनर्निर्माण समितिलाई व्यक्तिगत वा संस्थागत रूपमा सहयोग गर्नुहुने उदारमना दाताहरूको पूर्ण विवरण यसप्रकार छ–

श्री सीताराम वानियाँ, गोल्छापवाट स्वर्गीय आमा टीकाकुमारी वानियाँको पुण्यस्मृतिमा पुनर्निर्मित मृत्युञ्जय-पार्वती कुण्डका लागि सम्पूर्ण खर्चस्वरूप प्राप्त हुन आएको रु. ७५,०३४।–

महादेवस्थानक्षेत्र- पुनर्निर्माणका निमित्त स्वीकृत योजनाअनुसार काठमाडौं महानगरपालिका (तत्कालीन का. न. पा.) वाट ल. इ. वमोजिम एकमुष्ट उपलब्ध रु. ६९,६२२।–

स्थानीय महादेवस्थान गाउँ विकास समितिवाट पटक-पटक गरी उपलब्ध हुन आएको जम्मा रु. १६,०००।–

श्री शिवजी श्रेष्ठ, श्रीमती जगतकुमारी श्रेष्ठ र परिवारका अन्य सदस्यहरू सर्वश्री महेन्द्रमान, रमिला, विनोदकुमार, कल्पना, सरला, विजेशकुमार, मन्दिरमान, रेजिना, वेविना र अज्जु श्रेष्ठ, ठँहिटीवाट संयुक्त रु. ७,७७७।७७

श्री वजरंग मारवाडी, विजयसिंह वैद्य र गोकुल वानियाँसमेत संयुक्त रूपमा प्राप्त रु. ५,००१।–

श्री शम्भुराम गिरि, महादेवस्थान रु. ५,००१।–
श्री जनकमान श्रेष्ठ, टेकु रु. ५,०००।–
श्री ठेकेदार ज्ञानवहादुर महर्जन महादेव गाउँ रु. ४,६६४।–
स्वर्गीय सानु मानन्धर, चेकपोष्ट रु. ४,२००।–
श्री धनमाया माली, क्षेत्रपाटी रु. ३,३३३।–
श्री रामशरण के. सी., कुलेश्वर रु. २,८००।–
श्री राजेन्द्रदास श्रेष्ठ, ठँहिटी रु. २,१००।–
श्री शुकदेव प्रजापति, क्षेत्रपाटी रु. २,००५।–
श्री रामकृष्ण वानियाँ, इटाखेल रु. २,००१।–
स्व. जगतलाल श्रेष्ठ र श्रीमती श्रेष्ठ वाँसवारी रु. २,०००।–
श्री माधवप्रसाद ढकाल, इटाखेल-६ रु. १,७१७।–
स्व. भीमवहादुर राजभण्डारी, सुनसरी, धरान रु. १,५१५।–
श्री श्रीवहादुर श्रेष्ठ, ठँहिटी रु. १,५०५।–
श्री रामु खँड्का, वाणस्थली रु. १,४००।–
श्री उदयनरसिं वादे श्रेष्ठ, डिल्लीवजार रु. १,१११।–
श्री गोविन्द रूपाखेती, नयाँवस्ती रु. १,१०२।–
श्री पद्मकुमारी थापामगर, वाणस्थली रु. १,१०१।–
श्री ह्याप्पी होम, वाणस्थली, नयाँबस्ती रु. १,०५१।–
श्री धनवहादुर महर्जन, महादेवगाउँ रु. १,०५०।–
श्री गणेश खत्री, इटाखेल-६ रु. १,०२५।–
श्री नारायण थापा, इटाखेल-६ रु. १,०२५।–
श्री गोविन्दमान–विष्णुदेवी प्रधान, नयाँवजार रु. १,०२५।–
श्री रञ्जन तथा मधुदेवी, पुल्चोक रु. १,०२१।–
श्री केशवमान र यशोदा श्रेष्ठ, टङ्गेश्वर रु. १,०२०।–
श्री वासुदेव के. सी., इटाखेल-६ रु. १,०१५।–
स्व. भक्तलाल तथा स्व. बद्रीमैयाँ श्रेष्ठ, टङ्गेश्वर रु. १,०१०।–
श्री विजयनरसिं तथा श्रीमती बादे श्रेष्ठ, धोबीचौर रु. १,०१०।–
श्री सानुकाज़ी ढकाल, धनकुमारी ढकाल, इटाखेल रु. १,०१०।–
श्री कमलवहादुर र शान्तिदेवी जोशी, नयाँ वानेश्वर रु. १,००५।–

स्व. ज्यानकाजी र श्रीमती नानीमैयाँ श्रेष्ठ, गोफल रु. १,००५।–
श्री दिग्विजयेश्वर प्र. श्रेष्ठ, टेंगलटोल रु. १,००५।–
श्री पूर्णदेवी श्रेष्ठ, क्षेत्रपाटी रु. १,००५।–
श्री सूर्यबहादुर श्रेष्ठ, ज्याठा रु. १,००५।–
श्री हरिकृष्ण र वीना श्रेष्ठ, गोफल रु. १,००५।–
श्री 'श्रीहरिशरणं वासुदेवाय' स्व. दिलकुमारी खत्री, चेकपोष्ट रु. १,००२।–
श्री लक्ष्मीप्रसाद ढकाल, इटाखेल रु. १,००२।–
श्री सूर्यबहादुर कायस्थ, ठँहिटी रु. १,००२।–
श्री केशवलाल ख्वसिं, पाटन रु. १,००१।–
स्व. चन्द्रानन्द वैद्य र श्रीमती कमलादेवी वैद्य, कमलाक्षी रु. १,००१।–
श्री जयन्ती श्रेष्ठ, क्षेत्रपाटी रु. १,००१।–
श्री प्रेमरत्न र श्रीमती स्थापित रु. १,००१।–
श्री प्रेमलाल श्रेष्ठ, छाउनी रु. १,००१।–
श्री महेश वानियाँ, गोल्छाप रु. १,००१।–
श्री मोतीलाल मानन्धर, चेकपोष्ट रु. १,००१।–
श्री मोहन खँड्का, महादेवगाउँ रु. १,००१।–
श्री श्रीराम शङ्गर रु. १,००१।–
श्री लालमणि लम्साल, इटाखेल रु. १,००१।–
श्री श्रीराम थापा, गोल्छाप-४ रु. १,००१।–
श्री शङ्गरभक्त र हरिदेवी, ताहाचल रु. १,००१।–
श्री सुधर सङ्गीत प्रधान रु. १,००१।–
श्री हरिनारायण मानन्धर, चेकपोष्ट रु. १,००१।–
श्री पी. भी. के. कनन रु. १,०००।–
श्री रामभगत खत्री, गोल्छाप रु. ७०१।–
श्री गणेशमाया वादे श्रेष्ठ, बनेपा दथुटोल रु. ६०६।–
स्व. बागमान साहू, ठमेल रु. ६००।–
श्री नन्दबहादुर शाक्य, ठँहिटी रु. ५६७८९
श्री बद्रीमान श्रेष्ठ, ठँहिटी रु. ५५५।५५
श्री इन्द्रा श्रेष्ठ रु. ५५५।–

श्री श्यामशङ्कर मानन्धर, चेकपोष्ट रु. ५५५।–
श्री हरिनारायण मानन्धर, ठँहिटी रु. ५५५।–
श्री अमरबहादुर थापामगर, झम्सीखेल रु. ५५१।–
श्री तुलसीराम पुरी, इटाखेल-५ रु. ५५१।–
श्री जगतकुमारी विजुक्छे, पुरानो वानेश्वर रु. ५२५।–:
श्री बलराम दूधराज सुनार, इटाखेल-५ रु. ५२५।–
श्री शान्तप्रकाश श्रेष्ठ, थानकोट रु. ५१८।–
श्री भैरवबहादुर जोशी, ठँहिटी रु. ५१५।–
श्री लक्ष्मणविक्रम श्रेष्ठ, चेकपोष्ट रु. ५११।–
श्री सुभद्रा श्रेष्ठ, वाँसवारी रु. ५११।–
श्री चन्द्रनारायण मानन्धर, थानकोट रु. ५१०।–
श्री दानभक्त श्रेष्ठ, गोल्खुपाखा रु. ५१०।–
श्री देवनारायण मानन्धर, चेकपोष्ट रु. ५१०।–
श्री रत्नमान श्रेष्ठ, ठँहिटी रु. ५१०।–
श्री रामभक्त खत्री, इटाखेल-६ रु. ५१०।–
श्री चित्रबहादुर खत्री, इटाखेल-६ रु. ५०९।–
श्री विष्णुकुमारी खत्री, इटाखेल-६ रु. ५०९।–
श्री केशवमान श्रेष्ठ, वटु रु. ५०५।–
श्री चन्द्रमाया श्रेष्ठ, कुलेश्वर रु. ५०५।–
श्री चिरिभाइ महर्जन, महादेवगाउँ रु. ५०५।–
श्री चेतबहादुर खत्री, गोल्छाप रु. ५०५।–
श्री जनार्दन कार्की, इटाखेल रु. ५०५।–
श्री बद्रीलाल मानन्धर, ठँहिटी रु. ५०५।–
श्री योगेन्द्र थापा, इटाखेल रु. ५०५।–
श्री रामशरण थापा, टेकु रु. ५०५।–
श्री लक्ष्मण कुंवर, थानकोट खेल्पु रु. ५०५।–
श्री विष्णुप्रसाद सिग्देल, चेकपोष्ट रु. ५०५।–
श्री शिवगोपाल रिजाल, टाखेल रु. ५०५।–
श्री केदारनाथ सिग्देल, इटाखेल रु. ५०२।–

श्री चेतमाया श्रेष्ठ, छाप रु. ५०२।–
श्री दामोदरलाल श्रेष्ठ, थापाथली रु. ५०२।–
श्री पूर्णलाल राजभण्डारी, न्हैकँन्तला रु. ५०२।–
श्री रामकुमारी थापा, गोल्छाप-४ रु. ५०२।–
श्री ज्ञानू रूपाखेती, इटाखेल-५ रु. ५०२।–
श्री आशाकाजी श्रेष्ठ, चेकपोष्ट रु. ५०१।–
श्री उत्तम थापा, टाखेल रु. ५०१।–
श्री उदय श्रेष्ठ, वालाजु रु. ५०१।–
श्री इन्द्रवहादुर कार्की, वाणस्थली रु. ५०१।–
श्री इन्द्रवहादुर खत्री, चेकपोष्ट रु. ५०१।–
श्री कवीन्द्रमान जोशी, नयाँ वानेश्वर रु. ५०१।–
श्री कान्छा श्रेष्ठ, सानो वाँठेली रु. ५०१।–
श्री कुन्दन वादे श्रेष्ठ रु. ५०१।–
श्री कोमलकुमारी कार्की, वाणस्थली रु. ५०१।–
स्व. गोविन्दमाया वादे, वनेपा रु. ५०१।–
श्री चक्रवहादुर थापा, गोल्छाप-४ रु. ५०१।–
श्री चन्दन वादे श्रेष्ठ रु. ५०१।–
श्री चैनवहादुर राजभण्डारी, ठँहिटी रु. ५०१।–
श्री जनार्दन के. सी. इटाखेल रु. ५०१।–
श्री जयशङ्कर मानन्धर, चेकपोष्ट रु. ५०१।–
श्री तारादेवी वादे श्रेष्ठ रु. ५०१।–
स्व. दुर्गादास श्रेष्ठ, ठँहिटी रु. ५०१।–
श्री दुर्गादेवी प्रधान, असन, त्यौड रु. ५०१।–
श्री देवेन्द्रभक्त श्रेष्ठ रु. ५०१।–
श्री द्वारिकादास श्रेष्ठ, ठँहिटी रु. ५०१।–
श्री नरेन्द्रवहादुर सिलवाल, वाणस्थली रु. ५०१।–
श्री नारायणदेवी शाक्य, तिलगङ्गा रु. ५०१।–
श्री नारायणहरि सिग्देल, इटाखेल रु. ५०१।–
स्व. निरञ्जन श्रेष्ठ, चक्रपथ, दांगाखोला रु. ५०१।–

श्री पूर्णबहादुर महर्जन, महादेवस्थान रु. ५०१।–
श्री बलराम सिलवाल, बाणस्थली रु. ५०१।–
श्री बाबुराम रिजाल, ताहाचल रु. ५०१।–
श्री बालगोपाल सिग्देल, इटाखेल रु. ५०१।–
श्री बुद्धिबहादुर साही, इटाखेल रु. ५०१।–
श्री बेखानारायण मानन्धर, ठँहिटी रु. ५०१।–
श्री माणिकलाल श्रेष्ठ, टङ्केश्वर रु. ५०१।–
श्री माधवप्रसाद ढकाल, चेकपोष्ट रु. ५०१।–
श्री राजेन्द्र कँडेल, लमजुङ रु. ५०१।–
श्री राम श्रेष्ठ, इटाखेल रु. ५०१।–
श्री लक्ष्मीनरसिं वादे श्रेष्ठ रु. ५०१।–
श्री विजय कुँवर, बालाजु रु. ५०१।–
श्री सरस्वती ढकाल, इटाखेल रु. ५०१।–
श्री साधुराम खत्री, चेकपोष्ट रु. ५०१।–
श्री सावित्री सुवेदी, महादेवगाउँ रु. ५०१।–
श्री सुरेन्द्रबहादुर खँड्का, चेकपोष्ट रु. ५०१।–
स्व. सूर्यभक्त जोशी, ठँहिटी रु. ५०१।–
श्रीमती हरिशरण सिलवाल, बाणस्थली रु. ५०१।–
श्री हर्कबहादुर श्रेष्ठ, सानो बाँठेली रु. ५०१।–
श्री हिमालय इङ्गिस बोर्डिङ स्कूल, कोटेश्वर रु. ५०१।–
श्री उत्तमप्रसाद ढकाल, इटाखेल रु. ५००।–
श्री नर्मदा रिजाल, ताहाचल रु. ५००।–
श्री नानीमाया अमात्य, कालीमाटी रु. ५००।–
श्री लक्ष्मीमाया गोपाली, थानकोट रु. ५००।–
स्व. विजयकुमार कार्की, बाणस्थली रु. ५००।–
श्री शङ्कर मानन्धर, थानकोट रु. ५००।–
श्री शुकदेव थापा, गोल्छापं-४ रु. ५००।–

यसप्रकार रु. ५००।– सम्म दान दिने दाताहरूको नाम श्रीचन्दनभराटेश्वर मन्दिर हातामा यसै समितिद्वारा नवनिर्मित 'उपासना

कुटी' को शिलामा अङ्कित गरिसकिएको छ । सोभन्दा कम दान दिने उदारमना दाताहरूको दान विवरण निम्नप्रकार छ–

श्री ध्रुवराज रूपाखेती, नयाँवस्ती रु. ३००।–
श्री अमरबहादुर के. सी., नयाँवस्ती रु. २०१।–
श्री जगतबहादुर थापा, मातातीर्थ रु. २०१।–
श्री अमीर शङ्कर, पाटन रु. २००।–
श्री कमलबहादुर सिलवाल, वाणस्थली रु. २००।–
श्री कृष्णबहादुर पन्त, मातातीर्थ रु. २००।–
श्री चन्द्रमर्दन थापा, मातातीर्थ रु. २००।–
श्री जयन्ती बानियाँ, नयाँवस्ती रु. २००।–
श्री देवबहादुर महर्जन, महादेवगाउँ रु. २००।–
श्री भैरवप्रसाद रिजाल, मातातीर्थ रु. २००।–
श्री लोकबहादुर खत्री, गोल्छाप-४ रु. २००।–
श्री वासुदेव पौडेल, इटाखेल रु. २००।–
श्री शङ्कर सुनी बानियाँ, नयाँवस्ती रु. २००।–
श्री भाइ महर्जन, महादेवस्थान रु १५२।–
श्री सानुकाजी महर्जन, महादेवस्थान रु. १५२।–
श्री नारायण श्रेष्ठ, ठमेल रु. १५१।–
श्री भाइचा महर्जन, महादेवस्थान रु. १५१।–
श्री भक्तदास अमात्य, थानकोट रु. १५०।–
श्री नकली श्रेष्ठ, आकाशटोल रु. १२०।–
श्री तीर्थलाल श्रेष्ठ, आकाशटोल रु. १०५।–
श्री तुषिता इन्टरनेशनल, टेकु रु. १०५।–
श्री चित्रप्रसाद पुजारी, मातातीर्थ रु. १०२।–
श्री माणिकलाल सुवेदी, चेकपोष्ट रु. १०२।–
श्री इन्द्रबहादुर बानियाँ, डाँडागाउँ रु. १०१।–
श्री उत्तम कायस्थ, टेकु रु. १०१।–
श्री कृष्णप्रसाद रिजाल, मातातीर्थ रु. १०१।–
श्री के. एन. झा रु. १०१।–

श्री गोपाल विमली, इटाखेल रु. १०१।–
श्री दानवहादुर महर्जन, महादेवस्थान रु. १०१।–
श्री नरसिंह उदास रु. १०१।–
श्री राजु श्रेष्ठ, इटाखेल रु. १०१।–
श्री रामप्रसाद पौडेल, चेकपोष्ट रु. १०१।–
श्री रामप्रसाद सिग्देल, थानकोट रु. १०१।–
श्री हरिवहादुर खत्री, इटाखेल रु. १०१।–
श्री कमल के. सी., मातातीर्थ रु. १००।–
श्री कृष्णवहादुर श्रेष्ठ, वालागाउँ रु. १००।–
श्री कृष्ण महर्जन, महादेवगाउँ रु. १००।–
श्री गणेशवहादुर खत्री, टाखेल रु. १००।–
श्री गोपाल श्रेष्ठ, वाणस्थली रु. १००।–
श्री जगन्नाथ सुवेदी, गोल्छाप रु. १००।–
श्री टङ्क पाखाली, ओखलढुङ्गा रु. १००।–
श्री पञ्चकुमार उदास रु. १००।–
श्री रामचन्द्र के. सी. रु. १००।–
श्री रामनारायण रिजाल, टाखेल रु. १००।–
श्री रामवहादुर श्रेष्ठ, वाणस्थली रु. १००।–
श्री राम वानियाँ, नयाँवस्ती रु. १००।–
श्री राम श्रेष्ठ, गोल्छाप रु. १००।–
श्री रुद्रवहादुर नकर्मी, टेकु, मचली रु. १००।–
श्री विनोद वानियाँ, टाखेल रु. १००।–
श्री शेरवहादुर थापा, महादेवगाउँ रु. १००।–
श्री हर्कवहादुर श्रेष्ठ, वालागाउँ रु. १००।–
श्री राजन महर्जन, महादेवगाउँ रु. ५५।–
श्री आई. के. चौधरी रु. ५१।–
श्री मदनप्रसाद पौडेल रु. ५१।–
श्री मीनवहादुर-शिवशङ्कर रु. ५०।०५
श्री कमला न्यौपाने रु. ५०।–

श्री कुमारप्रसाद नेपाल, शङ्खमूल रु. ५०।–
श्री कृष्णवहादुर खत्री, गैह्रीगाउँ रु. ५०।–
श्री केशरमान ताम्राकार, ठँहिटी रु. ५०।–
श्री जनकलाल श्रेष्ठ, थानकोट रु. ५०।–
श्री धर्मवहादुर खत्री, गोल्छाप रु. ५०।–
श्री नारायण परियार, वाणस्थली रु. ५०।–
श्री निर्मला श्रेष्ठ रु. ५०।–
श्री नेपाल मानन्धर, क्षेत्रपाटी रु. ५०।–
श्री प्रकाशमान सिंह श्रेष्ठ, महादेवगाउँ रु. ५०।–
श्री वटुकुमार श्रेष्ठ, वाणस्थली रु. ५०।–
श्री वद्री के. सी., मातातीर्थ रु. ५०।–
श्री वेखानारायण सिंह श्रेष्ठ, वाणस्थली रु. ५०।-
श्री भीमराज उपाध्याय, मातातीर्थ रु. ५०।–
श्री रत्नवहादुर तुलाधर, वालागाउँ रु. ५०।–
श्री रामवहादुर पाठक रु. ५०।–
श्री लक्ष्मण श्रेष्ठ, वालागाउँ रु. ५०।–
श्री विष्णु परियार, आकाशटोल रु. ५०।–
श्री सावित्री परियार, आकाशटोल रु. ५०।–
श्री सूर्यलाल श्रेष्ठ, थानकोट रु. ५०।–
श्री वसलाल श्रेष्ठ, आकाशटोल रु. ३०।–
श्री लटमान श्रेष्ठ, आकाशटोल रु. ३०।–
श्री कान्छा वलामी रु. २५।–
श्री परशुराम वलामी रु. २५।–
श्री शान्तवहादुर श्रेष्ठ, आकाशटोल रु. २५।–
श्री वरुण भगवान रु. २२।–
श्री साहिंलो नेपाली, आकाशटोल रु. २१।–
श्री अप्ट वलामी रु. २०।–
श्री तुलसी उदास रु. २०।–
श्री वच्चुराम वलामी रु. २०।–

श्री मङ्गलकृष्ण, बालागाउँ रु. २०।–
श्री राम नेपाली, आकाशटोल रु. २०।–
श्री राममान श्रेष्ठ, ब्रह्मटोल रु. २०।–
श्री सुकुमान श्रेष्ठ, आकाशटोल रु. २०।–
श्री हरिकृष्ण श्रेष्ठ रु. २०।–
श्री कृष्ण खाया रु. ११।–
श्री इन्द्रबहादुर महर्जन रु. १०।–
श्री उदय मिश्र रु. १०।–
श्री ॐप्रकाश सनी रु. १०।–
श्री जितेन्द्रकुमार श्रेष्ठ, बालागाउँ रु. १०।–
श्री दामोदर भण्डारी रु. १०।–
श्री प्रकाश के. सी. रु. १०।–
श्री बलराम खँड्का रु. १०।–
श्री भीमबहादुर थापा, इटाखेल रु. १०।–
श्री यादव थापा रु. १०।–
श्री रमेश झा रु. १०।–
श्री श्रीकृष्ण रु. १०।–
श्री श्यामकृष्ण बलामी, बालागाउँ रु. १०।–
श्री तिलकराम खनाल रु. ९।–
श्री भाइकृष्ण बलामी रु. ९।–
श्री नरेश छेत्री रु. ७।–

यसरी रु. ५००।– र सोभन्दा माथिको दान रकम जम्मा २,८९,०८३।२१ हुन आयो र रु ५००।– भन्दा कम दान रकम जम्मा रु. ८,५०४।०५ देखिन आयो । थप शिलालेखको जम्मा रु. ८,८००।– समेत यी ३ शीर्षकको कूल योग रकम रु. ३,०६,३८७।२६ (अक्षरेपि रु. तीन लाख छ हजार तीन सय सतासी र पैसा छब्बीस मात्र) हुन आयो । सो धनराशिअन्तर्गत 'चन्दनभराटेश्वरक्षेत्र पुनर्निर्माण समिति' द्वारा तपसिलका निर्माणकार्यहरू सम्पन्न गरिएका छन्–

तपसिल

(१) माता पार्वतीले चन्दन घोटेर शिवलिङ्गको पूजा-आराधना गरेको पौराणिक सन्दर्भसँग सम्बन्धित मृत्युञ्जय-पार्वती कुण्डको जगैदेखि सम्पूर्ण पुनर्निर्माण गरी कुण्डको जलाधार सतहसमेत नयाँ निर्माण गरिएको छ ।

(२) मन्दिर परिसरको भग्न पर्खाल सम्पूर्ण रूपमा जीर्णोद्धार गरिएको छ ।

(३) पहिलेको मन्दिरपरिसर निकै साँघुरो हुनाले त्यसलाई पूर्व-पश्चिम यथावत् राखी दक्षिणपट्टि ५७' मात्रबाट बढाई ७२' मा फराकिलो गरी त्यहीं पूर्व-पश्चिम ६१' पूरै लम्बाइ लिएर एक पूजा-पाठका लागि उपयोगी सत्तल निर्माण गरियो । अब यसै सत्तलको 'उपासना कुटी' नाम सर्वसम्मत रूपमा दिइएको छ ।

(४) शिवमन्दिरको पूर्व-दक्षिण कोणमा केही अभिलेख, भग्न नारायणमूर्ति र अन्य पूजाआजा गरी आएका शिलाहरू थिए । यहाँ एउटा ठूलो खरीको बोट थियो र फेदमा यी मूर्ति इत्यादि राखिएका थिए ।

स्थानीय बूढापाकाहरू र सज्जन-भक्तजनहरूको रायसल्लाहमा त्यहीं एक पक्की मन्दिर निर्माण गरियो । अब नयाँ नारायणमूर्ति, खण्डित मूर्ति, अभिलेखहरू र ती पुराना पूजा गरिएका शिलासमेत यसै मन्दिरभित्र स्थापना गरिएको छ । अब यो 'नारायणस्थान' का नामले चिनिनेछ ।

(५) यसैगरी यस पवित्र शिवक्षेत्रमा अज्ञात समयदेखि पूजाआजा गरिएका प्राचीन देवदेवीका पीठ र स्थानको नवनिर्माणकार्य पनि सम्पन्न गरिएको छ । ती यसप्रकार छन्– भैरवनाथ, हनुमान, कुमारी, बालकुमारी, चुन्देवी, महाकाल तथा क्षेत्रपाल (कीर्तिमुख भैरव) आदि ।

(६) वि. सं. २०२९ मा स्थापित श्रीसरस्वती मन्दिरको नवनिर्माण गरिएको छ । अब यो 'सरस्वतीस्थान' भनेर चिनिनेछ ।

(७) मन्दिरपरिसरभित्रै श्री कमलबहादुर तथा शान्तिदेवी जोशीको सौजन्यमा उमामहेश्वर मूर्ति स्थापना भएको छ । यसमा नि. स. को खर्च परेको छैन ।

जनसहभागिता र श्रमदान

यस निर्माण समितिलाई यसले सङ्लन गर्न सकेको धनराशिमात्रको टेवा-योगदान पर्याप्त थिएन । यत्तिकसो भौतिक निर्माण उपर्युक्त धनराशिमात्रको भरमा सम्भव पनि थिएन । अतः यस्तो धार्मिकक्षेत्रको नवनिर्माणका क्रममा स्थानीय बूढापाकाहरू, भक्तिशीला महिलाहरू, पाखुरीमा बल भएका सज्जन युवकहरूसमेतले भरमगदूर योगदान गरेका थिए । यसको निर्माण समितिले न त केही टिपोट नै गर्न सक्यो न त कामको मूल्याङ्कन नै । पुरानो भग्न पर्खाल भत्काउने वा कुण्डभित्रका पुरातात्त्विक महत्त्वका साना-ठूला इँटा-ढुङ्गा तह लाउने वा बलपूर्वक उचाल्ने वा व्यवस्थित गर्ने आदि इत्यादि खस्रा-मसिना कार्यहरूमा ती सबैथरी सेवाकर्मीहरूले उल्लेखनीय योगदान दिएका छन्, श्रमदान गरेका छन् । यहाँ 'चन्दनभराटेश्वरक्षेत्र पुनर्निर्माण समिति' हृदयैदेखि ती सबैलाई साधुवाद, धन्यवाद अर्पण गर्नु आफ्नो कर्तव्य ठान्दछ ।

कृतज्ञता र धन्यवाद

यस पवित्र शिवक्षेत्रको नवनिर्माणमा अर्थदान दिई सहयोग गर्नुहुने सम्पूर्ण उदारमना श्रद्धाशीला दाताहरूलाई यो निर्माण समिति अन्तर्हृदयदेखि नै धन्यवाद निवेदन गर्दछ ।

निर्माण समितिको सदस्य नरहेर पनि शिवसेवाको भावनाले स्वयं प्रेरित भई यस पुनीत कार्यमा प्रत्यक्ष वा परोक्ष सहभागिता गरी सेवा समर्पित गर्ने सबै सज्जनहरूप्रति यो निर्माण समिति कृतज्ञ रहेको छ ।

मृत्युञ्जय-पार्वती कुण्ड निर्माणका बेला प्रायः पूरै समय त्यहीं उपस्थित रही आफ्ना उचित राय-सल्लाह दिई सहयोग गरिदिनुभएको स्मरण गर्दै महादेवस्थान गा. वि. स. वडा ४ का वयोवृद्ध श्री मानबहादुर खँड्काप्रति, त्यस्तै समय-समयमा उचित सरसल्लाह दिँदै जीर्ण शरीरले श्रमदानमासमेत सक्रिय रहने चेकपोष्टका वयोवृद्ध श्री इन्द्रबहादुर खत्री, श्री रामभगत खत्री र राम श्रेष्ठजस्ता सज्जन शिवभक्तहरूप्रति र सम्झनामा टिप्न नसकिएका स्वयम्सेवी सबै वृद्ध-वृद्धा, युवा-युवती भक्त-भक्तिनीहरूले जे-जस्तो दान-

योगदान प्रदान गर्नुभएको छ उहाँहरू सबैप्रति यो निर्माण समिति कृतज्ञता निवेदन गर्दछ; सादर धन्यवाद अर्पित गर्दछ।

यस्तै श्री ५ को सरकार युवा, खेलकूद तथा संस्कृति मन्त्रालय पुरातत्त्व विभागका पुरातत्त्व अफिसर श्री उद्धव आचार्य र लिपिविद् श्री श्यामसुन्दर राजवंशीप्रति पनि यो निर्माण समिति सधैं कृतज्ञ रहनेछ। समय-समयमा यससँग सम्बद्ध विषयवस्तुबारे उहाँहरूले सक्रियतासाथ सहयोग दिनुभएको कुरा समितिको सम्झनामा रहिरहनेछ।

शिव कल्याणको नाम हो। शिव सदा सेव्य छन्। सेवा धर्मको नाम हो। समाज र विश्व धर्ममा अडेको छ। धर्मको मर्म मान्छेले मात्र जान्दछ। अन्य तिर्यक्योनिहरू जान्दैनन्। नजान्नेले नजानेको कुरो गर्दैन। जान्नेले ठीक-बेठीक छुट्टचाएर कर्तव्य कर्म गर्दछ। शिव हाम्रो आराध्य हो। यो विवेकको आँखाले मात्र देखिन्छ। ज्ञानले बुझिन्छ। हामीलाई चर्मचक्षुमा परमेश्वर हेर्न यी शिवलिङ्गहरू, पावन नदनदी र तीर्थहरू पृथिवीमा यत्रतत्र उपलब्ध भएका हुन्। धर्म बुझ्ने, आचरण सुधार्ने र ईश्वर हेर्ने ऐना हुन् हाम्रो नेपालका अनेक मठ, मन्दिर र शिवालयहरू। यसै तथ्यलाई आत्मसात् गर्दै यस निर्माण समितिले सानो योजना बनाएर काम थालेको हो। यसको गच्छेले यति नै गर्न सक्यो। यो उनै परमेश्वर शिवको, श्रीचन्दनभराटेश्वरको डमरु-निनाद हो। अब यो कार्यको यहीं विश्राम लिदै यो निर्माण समिति आफ्ना सेवाको पुष्पाञ्जलि गर्दछ, शिवार्पित गर्दछ; अस्तु।

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक ललितपुर, फोन नं. ५-२१०२३